
# आधुनिक दासत्व - नेपाल

## कुनै पहिचान छैन, कुनै सुरक्षा छैन: हामीसँग कुनै विकल्प छैन



**Freedom Fund**
**Modern Slavery**
**Credits**

*Nepal*


*Produced with research from*
Nepal Institute for Social and Environmental Research, United Nations University Centre for Policy Research and the Freedom Fund

*Researchers - Nepal*
In Nepal, coordination was led by Dr. Anita Ghimire. Fieldwork support, data transcription, and report writing were provided by Sunita Bhattarai, while Aakriti Kayastha handled data management, analysis, and transcription. Additional field support was provided by Anita Devekota, Dashrath Ram, Geeta GM, Lagan Sada, and Sumeeria Paswan.

*Research Direction*
Research support and oversight were provided by Professor Heaven Crawley and Angharad Smith.

*Scriptwriter*
Daniel Locke

*Illustration*
Daniel Locke

*Translation*
Dr. Anita Ghimire

*Production*
PositiveNegatives

*Director*
Dr Benjamin Worku-Dix

*Special Thanks to*
We would also like to extend our thanks to the Freedom Fund, especially Débora Aranha, Dan Vexler, Havovi Wadia and Yuki Lo for their valuable guidance throughout this project.


*Funded by*
Freedom Fund

*In Partnership with*
United Nations University - Centre for Policy Research


*Stories Drawn from Research*
www.positivenegatives.org
@PosNegOrg


POSITIVE® NEGATIVES


नेपालको ऐतिहासिक रुपमा खुला रहेको भारतसँगको सिमानाले नागरिकताको विषयलाई धेरै जटिल बनाएको छ।
NEPAL
INDIA


धेरै समुदायहरू यस सीमानामा बसोबास गर्छन् र अनौपचारिक अर्थतन्त्रमा  काम गर्छन् । उनिहरु  पुस्तौंदेखि यस्तो गर्दै आएका छन्। मानिसहरू काम गर्न, किनमेल गर्न र व्यापार गर्न दैनिक रूपमा सीमा पार गर्छन्।


यसरी सिमानामा रहने समुदायहरू बिच सांस्कृतिक र पारिवारिक सम्बन्धहरू गहिरो र दीर्घकालीन छन।
यस परीवेशमा समुदायको परिचालनहुने स्थानीय तरिका र उनीहरु बिचको समझदारी उनिहरुको दैनिक जीवनको लागि प्रायः केन्द्रीय राज्य संरचनाभन्दा बढी महत्त्वपूर्णछन



१९औं शताब्दीको सुरुवातमा नेपालका राजा महेन्द्रले भारतीय नागरिकहरुलाई नेपालमा बसोबास गर्न र काम गर्न खुला गर्नुभयो, खेतीको लागि जमिन दिनुभयो र नागरिकता दिने वाचा गर्नुभयो। यस नीतिले भारतबाट नेपालतर्फ ठूलो मात्रामा आप्रवासनलाई उत्प्रेरित गर्‍यो।
१९६४ सम्ममा आईपुग्दा थप आप्रवासीहरुलाई समेट्न सम्भव नभएपछि सरकारले यो नीति बन्द गर्‍यो। तर, भारतीय जमिनदारहरुले भारतबाट थप मानिसहरुलाई कृषि मजदुरको रुपमा ल्याइरहे, र तिनीहरुलाई आफ्नै जमिनमा बसोबास गराए।


क्रमिक रुपमा सरकारले यसरी बसेका धेरैलाई नेपाली नागरिकता वितरण गर्‍यो, तर अधिकांश प्राप्तकर्ताहरू भारतीय जमिनदारहरू थिए । उनीहरुले ल्याएका श्रमिकहरुले भने नागरिकता पाएनन्।
यसले कृषिमा काम गर्ने ती धेरै श्रमिकहरुलाई अति असुरक्षित अवस्थामा छोड्यो । उनीहरू जमिनदारहरुसँग बाधिएका थिए र उनीहरूसँग विकल्पहरु थिएनन्। तर नागरिकता पाउनबाट वञ्चित उनीहरू मात्र थिएनन ....
पुस्तौँदेखि मानिसहरू बिहेबारी गरेर र रोजीरोटीको लागि सीमा पार गर्दै आएका छन्। प्रायः सानै उमेरमा भारतीय महिलाहरू नेपाली परिवारमा विवाह गरेर आउँछन्...
समयसँगै उनीहरुको आफ्नो भारतमा रहेका माइतीसँगको सम्बन्धहरू क्रमशः टुट्न सक्छ।
यस अवस्थामा उनीहरु आफ्नो नागरिकता प्रमाणित गर्न असमर्थ रहन्छन् र नेपालमा कुनै अधिकारको दाबी गर्न सक्दैन। हालसालै नागरिकता कानुनमा संशोधन गरिएको भए पनि नयाँ कानुन स्थानीय अधिकारीहरूले सधैं पालन नगर्न सक्छन् वा समुदायमा यो कानुन थाहा नहुन सक्छ। कहिलेकाहीँ कानुनले के भन्छ भन्ने कुरा र मानिसहरूको अनुभव बीचमा पनि अन्तर रहन्छ।
यी र अन्य धेरै कारणहरूले गर्दा धेरै व्यक्तिहरूसँग नागरिकता वा परिचयपत्रको अभाव छ र उनीहरु सम्भावित शोषणकारी वा आधुनिक समयको दासत्व प्रथामा जस्तो निर्भर अर्थतन्त्रिक सम्बन्ध जबरजस्ती काम गर्न बाध्य हुन्छन ।


मेरा बुवा र उनका बुवा जस्तै  मैले यहाँ मेरो सम्पूर्ण जीवन बिताएको छु । यो स्थान मेरो परिवारका सम्झनाहरूले भरिएको छ। मेरो बुवाले नागरिकता प्रमाणपत्रको आवश्यकताबारे सोचेनन्। अहिले म यो प्रमाणपत्र प्राप्त गर्न सक्दिन।
काम गाह्रो छ। मलाई गाडी चलाउन आउँछ तर मसँग नागरिकता नहुँदा म लाइसेन्स प्राप्त गर्न सक्दिन। मालिकहरूले लाइसेन्स नभएको चालकलाई काममा राख्दैनन्। त्यसैले मैले अनौपचारिक रूपमा काम गर्नुपर्छ र धेरै कम तलब मा काम गर्न स्वीकार गर्नुपर्छ।
मैले यो खेतमा केही समय काम गरेँ। तर पछि, मेरो मालिकले अब म ट्र्याक्टर बेच्छु भने। जब मैले गत महिनाको बाँकी भएको चालीस हजार मागें, उनले त्यो दिएनन्  र पछि मलाई कुट्ने धम्की दिए।
मैले निजी स्कूलमा शिक्षकको रूपमा पनि काम गरेको थिएँ, तर उनीहरूले मलाई अरू शिक्षकहरूलाई दिने आधा मात्र तलब दिए। मैले तलब वृद्धि गर्न आग्रह गरे तर उनीहरूले नागरिकता बिना काममा राख्न सक्दैनौ भने।
उ ऊ ए
ओ औ
ऋ ॠ
मसँग नागरिकता नभएकोले मेरो पैसा बैंक वा समुदायको बचत समूहमा जम्मा गर्न सक्दिन। म यी संस्थाहरूबाट कर्जा पनि प्राप्त गर्न सक्दिन।



नागरिकता भएको भए मसँग मेरो कामको लागि एक सम्झौतापत्र हुन्थ्यो र तलबको सुनिश्चितता पनि हुन्थ्यो। म मेरो परिवारलाई सहयोग गर्न सक्थे । तर अहिले मसँग नागरिकता छैन जस्ले गर्दा मसँग मेरो बच्चाहरूलाई हुर्काउनको लागि केही बिकल्प छैन।
अ आ इ ई
उ ऊ ए ऐ
ओ औ अं अः
ऋ ॠ
मसँग नागरिकता भएको भए धेरै विकल्पहरु हुन्थे। नागरिगता नभएको कारण मसँग केही विकल्प भएन।


अतीतमा हाम्रो परिवारका सदस्यहरू बिरामी भएका बेला हामीले जमिनदारहरुसँग पैसा माग्न पर्थ्यो


मेरो बच्चाहरुले बिद्यालय जान र राम्रो जीवन प्राप्त गर्न सक्थे। उनीहरू बिद्यालय जान सक्दैनन् किनकि मसँग नागरिकता छैन । यस कारणले गर्दा उनीहरुको जन्मदर्ता छैन।


म नेपालको मान्छे हूँ र मेरा अभिभावक पनि नेपालको मान्छे हुन तर मैले भारतमा विवाह गरें र केही समय त्यहाँ बसें।
मेरो श्रीमान पनि नेपालमा जन्मिएका हुन, तर उनको आमा चाँही भारतकी हुन्।
जब उनका अभिभावकले नागरिकता प्राप्त गर्न सक्रेन, उनीहरू भारत फर्किए। त्यसपछि मैले उनीसँग विवाह गरेँ।
म यहाँ फर्किएको धेरै वर्ष भयो र पनि मैले नागरिकता प्राप्त गर्न सकेको छैन । म मेरो जीवनमा सबै कुरा रोकिएको महसुस गर्दछु र अगाडि कसरी बढ्ने भन्ने कुरा थाहा छैन।


विवाहअघि मेरो नागरिकता थिएन। त्यसैले अहिले म समस्यामा परिरहेकी छु।
मसँग नागरिकता नभएको कारण मेरो बच्चासँग पनि नागरिकता छैन। अहिले उनीहरू काम गर्ने उमेरका भएका छन्, उनीहरूले कसरी जीविका चलाऊने? उनीहरूलाई पनि शोषण गरिनेछ कि भन्ने कुरा को मलाई चिन्ता लाग्छ ।
समस्यामा परेको बेला हामी सबै जमिनदारको मद्तको भर पर्नुपर्छ।
काम गरेपछी हामीलाई उनीहरूले तलब दिन्छन् भन्ने विश्वासमा हामीले काम गर्नु पर्छ । उनीहरूले तलब नदिए पनि हामीले काम गर्नैं पर्छ।
हामीसँग कुनै विकल्प छैन।
हामीसँग धेरै सीपहरू छन्, तर हामीले चाहेको ठाउँमा काम गर्न सक्दैनौं किनकि त्यहाँ काम गर्न नागरिकता चाहिन्छ । यसले सबै कुरा धेरै गाह्रो बनाउँछ।


म ७२ वर्षको भए। म सानो हुँदा नै मेरो श्रीमानसँग यहाँ आएँ।
उनी भारतमा जन्मिएका हुन् र धेरै सानो उमेरमा नै यहाँ आए। उनलाई आफ्ना अभिभावकहरूको ठेगाना सम्झना छैन। त्यसैले उनीसँग नागरिकता छैन।
मसँग पनि नागरिकता छैन। मैले आफूले रोजेको मान्छेसँग विवाह गरेपछि मेरा अभिभावकले मलाई अस्वीकार गरे। त्यसैले, उनीहरूले मेरो नागरिकताको लागि चाहिने फारम भरिदियेनन् ।
हामीले जीवनभर कडा मिहिनेत गरेको र विवेकपूर्ण जीवन बिताएको भए पनि नागरिकता बिना हामी जमिनको मालिक बन्न असम्भव छ।
यो कहिल्यै हाम्रो हुनेछैन भन्ने कुरा जाँन्दा जाँन्दै पनि हामी अरूको जमिनमा श्रम गर्छौं । हामीसँग कुनै विकल्पहरु छैनन् -यो काम हामीले सधैं गरेका छौं, यो काम हामीले गर्नै पर्छ।


यदि मेरो नागरिकता भएको भए, म बेला-बेलामा भारतमा मेरी दिदीलाई भेट्न जान सक्थें। तर, भारतीय पक्षका प्रहरीले मेरो नेपाली नागरिकता देखाउन नसक्दा सीमाना पार गर्न अनुमति दिएनन।
...मलाई वृद्ध भत्ता पनि प्राप्त भएको हुन्थ्यो।
...म भारतको सीमाना पार गरी यहाँ भन्दा सस्तो मूल्यमा खाना र औषधि किन्न सक्थे।
सधैं मलाई नागरिकता प्राप्त गर्न गाह्रो र महँगो हुन्छ भनिएको छ त्यसैले मैले कहिल्यै गम्भीरतासाथ नागरिकता प्राप्त गर्ने प्रयास गरिन।
तर स्थानीय सरकारले हालसालै धेरैकुरा सुधार्न प्रयास गरेको छ, र हिजो मैले अन्ततः मेरो नागरिकता प्राप्त गरें। यसको लागि जम्मा खर्च मेरो एक दिनको तलब पनि लागेन! मेरो उमेरमा पनि लाभहरू प्राप्त गर्न कहिल्यै ढिलो हुँदैन।

यस कॉमिकलाई ड्यानियल लकले चित्रण गरेका छन् र पोजिटिभ नेगेटिभ्सले नेपाल इन्स्टिच्युट फर सोसियल एण्ड इन्भाइरोन्मेन्टल रिसर्च (NISER) र संयुक्त राष्ट्र विश्वविद्यालय नीति अनुसन्धान केन्द्रको अनुसन्धान र फ्रीडम फण्डको साझेदारीमा उत्पादन गरेका हुन् ।

नेपालमा गरिएको अनुसन्धानले नागरिकताको अभावले कसरी आधुनिक दासत्व र बधुवा अवस्था मा मजदुरी गर्न पर्ने जोखिमलाई वृद्धि गर्छ भन्ने कुरालाई हेरेको थियो । यस अनुसन्धानले नागरिकता नहुने प्रायः अनौपचारिक क्षेत्रमा काम गर्न बाध्य र शोषणकारी अवस्थामा फसेका समुहहरुले सामना गरेका चुनौतीहरूमा ध्यान केन्द्रित गरेको छ ।

यस अनुसन्धानले महत्वपूर्ण कागजातको अभावहरूले सिर्जना गर्ने जोखिम तथा शोषण हटाउन सहयोग हुने लक्षित नीति र कार्यक्रमको लागि पैरबी गरेको छ।

तपाईं अनुसन्धानका निष्कर्षहरूको बारेमा थप जानकारी "No Identity No Protection: How Lack of Documentation Drives Modern Slavery" शीर्षकको रिपोर्टमा प्राप्त गर्न सक्नुहुन्छ।



THE FREEDOM FUND
UNU CPR
NEPAL INSTITUTE FOR SOCIAL & ENVIRONMENTAL RESEARCH
POSITIVE NEGATIVES